म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४२ आइतबार, ६ बैशाख २०८३ ने. सं. ११४६ चौलागा 19 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पार्टी एकतालाई सुदृढ गर्न बानियाँको आह्वान

हेटौँडा, ५ वैशाख/ नेपाली काँग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले कांग्रेसभित्रको आधिकारिकता विवादमा सर्वोच्च अदालतबाट अन्तिम निर्णय भइसकेको अवस्थामा त्यसलाई सम्मान गर्दै पार्टी एकता सुदृढ गर्न आह्वान गरेका छन् । उनले काँग्रेस सधैं नीति, विधि र न्यायिक निर्णयको पक्षमा दृढ रहने पार्टी भएको उल्लेख गर्दै अदालतको निर्णयलाई स्वीकार्नु नै काँग्रेसजनको पहिचान भएको बताएका छन् । सभापति बानियाँले नियमित महाधिवेशन र विशेष महाधिवेशन पक्षबीच मतभेद रहे पनि सर्वोच्च अदालतले विवाद टुंग्याइसकेको भन्दै अब सबै पक्ष एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । उनका अनुसार अबको प्राथमिकता पार्टीको आन्तरिक एकता बलियो बनाउँदै १५ औं महाधिवेशनलाई भव्यरूपमा सफल बनाउनु हो । सभापति बानियाँले पार्टी नेतृत्व, सबै तहका नेता-कार्यकर्ता, भ्रातृ तथा शुभेच्छुक संस्थाहरू र काँग्रेसप्रति आस्था राख्ने सबैलाई एकताबद्ध भएर महाधिवेशन सफल बनाउन सक्रिय हुन आग्रह गरेका छन् । 'सबैलाई समेटेर अगाडि बढ्ने जिम्मेवारी नेतृत्वमा आएको छ,' उनले भने, 'एकताबद्ध प्रयासबाट १५ औं महाधिवेशन सफल बनाउनुपर्छ ।'

# स्थानीय तहको संख्या र सिमाना फेर्न नयाँ मापदण्ड

साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका, नगरपालिका र वडाहरूको संख्या तथा सिमाना हेरफेर गर्ने र नगर पालिकाहरूको वर्गीकरण पुनर ावलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न नयाँ मापदण्डको प्रारम्भिक मस्यौदा तयार गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५, ६, ७ र ८ मा भएका व्यवस्थाका आधारमा 'गाउँपालिका तथा नगर पालिका र वडाको संख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को मस्यौदा तयार गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयले सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उक्त मस्यौदामा राय र सुझाव दिन तीन दिनको म्याद तोकेर परिपत्र गरेको छ ।

मस्यौदामा स्थानीय तह र वडाको संख्या तथा सिमाना हेर फेर वा एक आपसमा गाभ्ने प्रस्ताव गर्दा मुख्यतया जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता,




प्राकृतिक स्रोतसाधनको उपलब्धता र भाषिक, साँस्कृतिक तथा सामुदायिक बनौटलाई आधार मान्नुपर्ने उल्लेख छ ।

यसका अतिरिक्त नागरिकले प्राप्त गर्ने सेवा सुविधामा पहुँच, जनघनत्व, बस्ती विकास र शहरीकरण, बजारको विकास, यातायात सेवामा पहुँच, जलाधार, सामाजिक र आर्थिक प्रभाव तथा साँस्कृतिक र भाषिक पहिचानको संरक्षणलाई पनि ध्यान दिनुपर्ने व्यवस्था गरिएको छ ।

मस्यौदाअनुसार, गाउँपालिका वा नगरपालिकाको सिमाना हेरफेर गर्दा एउटा स्थानीय तह एउटै प्रदेश र जिल्लाभित्र पर्ने गरी मिलाउनुपर्नेछ । साथै, वडाको सिमाना हेरफेर गर्दा तत्कालीन (राज्य पुनर्संरचना हुनुभन्दा पहिलेका) गाउँ विकास समिति र नगर पालिकाका वडा नटुक्रिने गरी गर्नुपर्नेछ भने एउटै वडाको भूगोल प्रतिनिधिसभा र प्रदेशसभाको एउटै निर्वाचन क्षेत्रभित्र पर्ने गरी कायम गर्नुपर्नेछ । यी विषयमा अध्ययन गरी प्रतिवेदन दिन जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुख, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी, नापी र मालपोत कार्यालयका प्रमुख, र सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्मिलित एक अध्ययन समिति गठन गर्ने प्रस्ताव गरिएको छ ।

उक्त समितिको प्रतिवेदनसमेतका आधारमा गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनुपर्नेछ । प्रदेश सरकारले मापदण्ड पूरा भएको देखेमा निर्णयसहित मन्त्रालयमार्फत् नेपाल सरकारलाई सिफारिस गर्ने र मन्त्रालयले स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने प्रक्रिया मस्यौदामा समेटिएको छ ।

## कुन्छाल-चित्लाङ सडक स्तरोन्नतिको ठेक्का

# पाँच किलोमिटर सडक कालोपत्रे हुने

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/ मकवानपुरको पर्यटकीय क्षेत्र चित्लाङलाई काठमाडौं र अन्य क्षेत्रसँग जोड्ने छोटो दूरीको महत्वपूर्ण कुन्छाल-चित्लाङ सडक बिस्तार गरिने भएको छ ।

सडक डिभिजन कार्यालय हेटौँडाले यस खण्डको स्तरोन्नतिका लागि ठेक्का आह्वान गरेको छ । यस सडक खण्डको स्तरोन्नतिका लागि डिभिजन कार्यालयले एक सूचना जारी गर्दै सडक सुधार तथा संरचनात्मक निर्माणका लागि बोलपत्र आह्वान गरेको हो । २०६२ सालमा ट्याक खनेको यो सडक लामो समयदेखि धुलो र हिलोको सास्ती खेपिरहेका स्थानीय बासिन्दा र पर्यटकका लागि यो आयोजनाले ठूलो राहत दिने अपेक्षा गरिएको छ ।

करिब ५ किलोमिटर दूरी रहेको यो सडक २५ करोड लागतमा बिस्तार गरिने भएको सडक डिभिजन कार्यालय हेटौँडाका सूचना अधिकारी एवम् इन्जिनियर यादव सुवेदीले जानकारी दिए ।

सुवेदीका अनुसार यस आयोजनाअन्तर्गत् करिब ५ किलोमिटर सडक खण्डमा कालोपत्रे र आरसीसी ढलान गरिने भएको छ । काठमाडौंको थानकोट-चित्लाङ खण्ड सडक डिभिजन काठमाडौँद्वारा बिस्तार प्रक्रिया अघि बढ्ने छ । यसपछिको कुन्छाल-चित्लाङ खण्ड सडक डिभिजन हेटौँडाले ठेक्का आह्वान गरेको हो ।

सुवेदीले भने, 'यस खण्ड अन्तर्गत् करिब ५ किलोमिटर सडक



विस्तार गरिने छ । काठमाडौं सकिने बित्तिकै मकवानपुरको सिमाना सुरु हुने बिन्दुदेखि चित्लाङतर्फको करिब १२ देखि १३ सय मिटर खण्डमा नयाँ कालोपत्रे गरिनेछ ।'

यस्तै, त्रिभुवन राजपथसँग जोडिने कुन्छालदेखि चित्लाङतर्फ आउने बाटोको विभिन्न खण्डहरूमा गरी थप ३४ सय मिटर सडक कालोपत्र गरिने उनको भनाइ छ । 'कुन्छालदेखि चित्लाङसम्मको बाटोभित्र विभिन्न ठाउँमा पिच गर्ने र केही ठाउँमा ढलान गर्ने योजना छ,' सुवेदीले भने, 'बस्ती भएका र विगतमा काम हुन बाँकी रहेका करिब ३ देखि ४ सय मिटर क्षेत्रमा भने आरसीसी ढलान गरिनेछ ।' सडक दुई लेनकै रहने र हाल उपलब्ध चौडाइ पर्याप्त रहेकाले यसपटक सडकको सतह सुधारमा केन्द्रित हुने गरी सडक डिभिजन हेटौंडाले ठेक्का आह्वान गरेको छ ।

डिभिजन कार्यालयले सार्वजनिक गरेको सूचनाअनुसार ठेक्का नम्बर आरडीएचटीडी ३३७०११६९/२०८२/०८३-४३ मार्फत् योग्य निर्माण व्यवसायीहरूबाट सिलबन्दी बोलपत्र माग गरिएको छ । यस आयोजनामा सहभागी हुन चाहने व्यवसायीले १० हजार रुपैयाँ दस्तुर तिरेर बोलपत्र फारम भर्न सक्नेछन् भने धरौटी रकम वापत ४६ लाख रुपैयाँ राष्ट्र बैंक वा तोकिएको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

सूचनाअनुसार इच्छुक फर्महरूले सार्वजनिक खरिद अनुगमन कार्यालय (पीपीएमओ) को वेबसाइट मार्फत् विद्युतीय माध्यमबाट मात्र आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । बोलपत्र पूर्वको बैठक आगामी २०८३ वैशाख २४ गते बिहान ११ बजे बस्नेछ भने जेठ ४ गते दिउँसो १२ बजेसम्म आवेदन दिने अन्तिम समय तोकिएको छ । सोही दिन दिउँसो १ बजे बोलपत्र खोलिनेछ ।

यस खण्ड बिस्तारको ठेक्का प्रक्रियाका लागि ३१ दिनको म्याद दिइएको छ । बोलपत्र पेस भएपछि प्राविधिक र आर्थिक मूल्याङ्कनको चरण पार गरेर निर्माण व्यवसायी छनौट गरिनेछ ।

'हाम्रो मुख्य लक्ष्य चालू आर्थिक वर्षभित्रै निर्माण व्यवसायीसँग सम्झौता गरिसक्ने रहेको छ,' सुवेदीले भने, 'हाम्रो प्राथमिकता सुरुमा प्राविधिक मूल्याङ्कन र आर्थिक मूल्याङ्कन गरी योग्य व्यवसायी छनौट गर्ने हो,' सुवेदीले थपे, 'सम्झौता भएपछि निर्माण कार्यले गति लिनेछ ।' लामो समयदेखि स्तरोन्नतिका लागि प्रतिक्षा गरिएको यो सडक खण्डको काम चालु आर्थिक वर्षकै बजेटबाट सुरु गर्न लागिएको हो ।

यो खण्ड विस्तारका लागि चालु वर्ष नै बजेट विनियोजन भएको थियो । तर, स्तरोन्नतिका लागि प्रक्रिया भर्खरै थालिएको हो । यस चालु आर्थिक वर्षबाटै सुरु गरिने यो खण्ड सम्झौता भएपछि निर्माण कार्यले गति लिने विश्वास गरिएको छ ।

चित्लाङ-कुन्छाल सडक खण्ड राजधानी काठमाडौं छिर्ने वैकल्पिक र छोटो मार्गका रूपमा परिचित छ । यो सडकको स्तरोन्नति सम्पन्न भएपछि मकवानपुरको उत्तरी भेगका बासिन्दालाई काठमाडौं आउजाउ गर्न निकै सहज हुनेछ । विशेषगरी ऐतिहासिक र पर्यटकीय स्थल चित्लाङमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्ने र स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन ठूलो मद्दत पुग्ने अपेक्षा गरिएको छ । विगतमा सडकको दयनीय अवस्थाका कारण सास्ती खेपिरहेका स्थानीय र पर्यटकका लागि यो स्तरोन्नति आयोजनाले ठूलो राहत दिने विश्वास लिइएको छ ।

# हेटौँडा क्याम्पसको प्रमुखमा डा. मानन्धर नियुक्त



साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रुपान्तरण भएको हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको क्याम्पस प्रमुखमा डा. देवचन्द्र मानन्धर नियुक्त भएका छन् ।

यसअघि २०७१ सालदेखि २०८० सालसम्म सो क्याम्पसको प्रमुख रही काम गरेका मानन्धर पुनः क्याम्पस प्रमुख नियुक्त भएका हुन् । २०५८ सालदेखि निजी विद्यालयमा अध्यापन गराएका मानन्धरले २०६३ मा निर्मल मावि, बस्तीपुरमा पठनपाठन गराएका थिए । २०६३ सालमै हेटौँडा क्याम्पसमा अध्यापन सुरु गरेका मानन्धर २०७१ देखि २०८० सम्म दुई कार्यकाल क्याम्पस प्रमुख भइसकेका छन् ।

नेपालमा विद्यालय शिक्षा विकासका लागि स्ववित्त संस्थाहरुको भूमिका विषयमा विद्यावारिधी उपाधि प्राप्त गरेका मानन्धर बागमती सरकारको उद्योग, वाणिज्य, भूमि तथा व्यवस्थापन मन्त्रालयमा विज्ञ सल्लाहकारसमेत रहेका थिए । उनी क्याम्पस प्रमुख रहँदा २०८० सालमा हेटौँडा क्याम्पसले क्यूएए (क्वालिटी एस्युरेन्स एन्ड एक्रिडिटेसन सर्टिफाइड) प्रमाणपत्र प्राप्त गरेको थियो । हेटौँडा क्याम्पसको सहकार्यमा हेटौँडा उपमहानगर पालिकाद्वारा हेटौँडा जनप्रिय क्याम्पस स्थापना गरी कृषि विज्ञानको स्नातक तह पठनपाठन भइरहेको छ ।

हेटौँडा क्याम्पसले त्रिभुवन विश्वविद्यालय स्थगित गरी बागमती विश्वविद्यालयबाट सम्बन्धन लिई तीनवटा संकायमा पठनपाठन सुरु गरेको छ ।

बागमती विश्वविद्यालय अन्तर्गत् शिक्षा, व्यवस्थापन तथा कानून संकायमा एलएलबी, बीएचएम, बीआईटी, बीबीएलगायत १५ भन्दा बढी शैक्षिक कार्यक्रम सुरु भएको नवनियुक्त क्याम्पस प्रमुख मानन्धरले बताए । उनले बागमती विश्वविद्यालय अन्तर्गत् हेटौँडामै पहिलोपटक इन्जिनियरिङ संकाय सुरु गर्ने योजना राखेकोसमेत स्पष्ट पारे ।

हाल हेटौँडा क्याम्पसमा कक्षा ११ तथा १२ मा गरी सात सय, त्रिभुवन विश्वविद्यालयअन्तर्गत् स्नातकोत्तर तहमा दुई सय, स्नातकमा छ सय जना र बागमती विश्वविद्यालयअन्तर्गत एक सय पाँच जना गरी करिब एक हजार छ सय विद्यार्थीहरु अध्ययनरत् छन् ।

# सम्पदा र संस्कृति संरक्षणमा लगानी बढाउन पर्यटन मन्त्रीको जोड




साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले नयाँ मठमन्दिर निर्माणमा भन्दा विद्यमान सम्पदा र संस्कृतिको संरक्षणमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन् ।

शनिबार काठमाडौंमा आयोजित 'सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धन: समृद्धिको आधार' विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले यस्तो बताएका हुन् ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा मठमन्दिर निर्माणमा प्राथमिकता दिएको भएपनि मौलिक सम्पदाको संरक्षणमा लगानी न्यून रहेको उनको भनाइ छ । उनले भएका सम्पदाको संरक्षणलाई प्राथमिकता दिन सकेमात्रै सांस्कृतिक धरोहर जोगाउन सकिने बताए । मन्त्री श्रेष्ठले संस्कृति र सम्पदा संरक्षणप्रति नवयुवा पुस्तामा चासो नहुनु चिन्ताको विषय भएको बताएका छन् । उनले सांस्कृतिक पर्व एवम् सम्पदाको महत्वबारे आउने पुस्तालाई बुझाउन आवश्यक रहेको पनि बताए ।

'अहिले आर्थिक वर्ष २०८२/८३ को बजेट हेर्दा हामीले धेरै मठमन्दिरहरु बनाइरहेका छौँ । तर, हामीसँग भएका सम्पदाहरुको संरक्षणमा कम लगानी भएको मलाई चाहीँ महशुस भएको छ । हामीले बनाउनेभन्दा पनि भएको कुरालाई संरक्षण गर्न सक्यौं भने राम्रो हुन्छ ।

काठमाडौं उपत्याकाको ठाउँठाउँमा हामीसँग सम्पदा छन् । तर, हामीलाई ती सम्पदाको महत्व बुझिसकेका छैनौं । अर्को कुरा यी सम्पदाहरुको संरक्षण गर्न सक्छौं कि सक्दैनौं भनेर मलाई चाँही एकदमै चिन्ता लागेको छ । हाम्रो पुस्ताले संस्कृति र सम्पदाको संरक्षण गर्न लागि परेका छौं । तर, पछाडिको पुस्ताले त्यसमा ध्यान दिने हो कि नदिने हो, एकदमै चिन्ताको विषय बनिरहेको छ । अहिले काठमाडौं उपत्यकामा हुने विभिन्न जात्राहरुमा समेत नयाँ पुस्ताको उपस्थिति एकदमै कम देखिन्छ । रथ जात्राहरु हुन्छन् । हामलि रथ तान्ने कुरामा युवापुस्तालाई प्रेरित गर्न सकेनौं भने हाम्रो सम्पदा र संस्कृति जोगिन्छ त ?' मन्त्री श्रेष्ठको प्रश्न थियो ।

उनले काठमाडौं उपत्यकामा सञ्चालन हुने विभिन्न जात्रा तथा रथयात्रामा युवापुस्ताको सहभागिता घट्दै गएको उल्लेख गर्दै यसले सम्पदा संरक्षणमा चुनौती बढ्दै गएकोसमेत बताए । त्यसैगरी, संस्कृति तथा पर्यटन प्रदेश सचिव दिपेन्द्र सुवेदीले नेपालमा प्राकृतिक र सांस्कृतिक सम्पदा रहेको र त्यसको संरक्षणमा सबैको हातेमालो आवश्यक रहेको बताएका छन् ।

सरकारले मात्र सम्पदाको संरक्षण गर्न नसक्ने भन्दै उहाँले आमनागरिकलाई यस अभियानमा लाग्न उनले आग्रह गरे । नेपालमा अथाह प्राकृतिक र सांस्कृतिक सम्पदा भएकाले पर्यटक भित्र्याउने आधार बलियो रहेको उनको भनाइ छ । सम्पदाविद् प्राडा. सुदर्शनराज तिवारीले हाँडीगाउँका प्राचीन पोखरी, पँधेरा, पोखरी र मठमन्दिर लोप हुन लागेको बताए । किराँतकालीन पोखरीहरूको अस्तित्व जोगाउन नसकिएको र भएका पोखरीको अस्तित्व पनि फेरिएको उनको भनाइ छ । प्राचीन सम्पदा नेपालीको पहिचान भएकाले त्यसको संरक्षणमा राज्यले लगानी बढाउनुपर्ने उनले सुझाव दिएका छन् ।



साझाकुरा

हाम्रो कुरा

# निर्माण क्षेत्रमा व्यवसायी र सरकारको चिन्ता

निर्माण सामग्री, इन्धन तथा अत्यावश्यक कच्चा पदार्थको निरन्तर बढ्दो मूल्यवृद्धिका कारण विकास निर्माणका काम गम्भीर संकटमा परेको भन्दै निर्माण व्यवसायीहरु यतिखेर सरकारको हारगुहारमा लागेका छन् । शुक्रबार मकवानपुरका निर्माण व्यवसायीहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएर मूल्य समायोजनको प्रभावकारी कार्यान्वयन, कृत्रिम अभाव गरी मूल्यवृद्धिको आशंका रहेकोले त्यसको निराकरण, व्यवसायीलाई आर्थिक राहत तथा 'कन्स्ट्रक्सन होलिडे' समेत घोषणाको माग गरेको छ । सरकारी निकायसंग सम्झौता गरी सडक, पुल, भवन, खानेपानी, सिँचाइलगायत विभिन्न भौतिक पूर्वाधार निर्माण कार्यमा व्यवसायीहरू संलग्न हुँदै आएका छन् । हालको परिस्थितिले निर्माण उद्योग नै धराशायी हुने खतरा बढेपछि व्यवसायीहरु काम छाडेर सरकारको ध्यानाकर्षण गर्न अग्रसर भएका छन् ।

अन्तर्राष्ट्रिय तथा आन्तरिक बजारमा देखिएको अस्थिरताका कारण नेपालमा निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेल, एलपी ग्यासजस्ता इन्धन सामग्रीमा २०८२ चैत २ गतेयता पटकपटक मूल्यवृद्धि भइरहेको छ । इन्धनको मूल्यबृद्धिसँगै ढुवानी भाडा बृद्धि भई त्यसको प्रत्यक्ष असर निर्माण सामग्रीको बजारमा परेको कसैसंग छिपेको छैन । त्यस्तै, सिमेन्ट, जस्तापाता, बिटुमिन, डन्डी, पाइप, बालुवा, गिट्टी, ढुंगा, इँट्टा, तारजाली, रंगरोगन तथा अन्य निर्माण सामग्रीको मूल्य अस्वाभाविकरूपमा बढेकै छ । दैनिकरूपमा मूल्य परिवर्तन भइरहँदा निर्माण कम्पनीहरूले लागत अनुमान गर्न नसक्ने अवस्था सिर्जना भएको यथार्थ छर्लङ्गै छ । सम्झौताको बखतको दररेटमा अहिले सामग्री खरिद गरेर आयोजनाहरू सञ्चालन गर्न अत्यन्त कठिन भएको स्वाभाविक छ ।

मूल्यवृद्धिको सीधा असर निर्माण व्यवसायीमाथि त परेकै छ, त्यससंगै समयमा काम सकेर जनतालाई सेवा दिने सरकारको लक्ष्यमा पनि असर परेको देखिन्छ । मध्यपूर्वी देशहरुमा भएको युद्धको प्रभावस्वरुप इन्धनको मूल्यमा भएको बृद्धि अझै केही समय लम्बिने देखिन्छ । यस्तो अवस्थामा विकास निर्माणको काम पनि नरोकिने र निर्माण व्यवसायीले पनि काम गर्न सक्ने वातावरण बनाउनु श्रेयष्कर नै देखिन्छ । त्यसतर्फ सरकारले तत्काल कदम चाल्न ढिला गर्नुहुन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख ७ गते सोमबार २० अप्रिल २०२६ । अक्षय तृतीया, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३७ सूर्यास्त ६:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# प्रविधिले बाटो देखाउन सक्छ, हिँड्ने 'डिजिटल इच्छाशक्ति'ले हो



✍सञ्जीव सुब्बा

'जेन-जी' आन्दोलनको राप र तापसँगै गठन भएको नयाँ सरकारले 'शासकीय सुधारका एक सय कार्यसूची' मार्फत एउटा नयाँ युगको सङ्केत गरेको छ । प्रमुख ६ राजनीतिक दलको साझा सहमतिका रूपमा आएको 'राष्ट्रिय प्रतिबद्धता' ले मुलुकलाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउने लक्ष्य मात्र राखेको छैन, बरु बदलिँदो विश्व परिवेशमा नेपालको स्थान कहाँ हुने भन्ने मार्गचित्र पनि कोरेको छ ।

तर, यो समृद्धिको सपना तब मात्र साकार हुन्छ जब हामीले 'डिजिटल सार्वजनिक पूर्वाधार' (डीपीआई) लाई राष्ट्रिय विकासको मेरुदण्डका रूपमा र डिजिटल अर्थतन्त्र निर्माणको न्यूनतम आवश्यकता स्वीकार गर्छौं ।

**व्यवस्थापन ७० प्रतिशत, प्रविधि ३० प्रतिशत**

डिजिटल सार्वजनिक पूर्वाधार (डीपीआई) को विश्वव्यापी सफल मोडलले भन्छ- डिजिटल रूपान्तरणको सफलता ७० प्रतिशत व्यवस्थापन र केवल ३० प्रतिशत प्रविधिमा निर्भर हुन्छ । नेपालमा प्रविधि नभएर काम रोकिएको होइन । गृह मन्त्रालयसँग राष्ट्रिय परिचयपत्र छ, यातायातसँग लाइसेन्स छ, र बैंकहरूसँग अत्याधुनिक भुक्तानी प्रणाली छ । तर, विडम्बना ! यी प्रणालीहरू आपसमा 'बोल्दैनन्' ।

एउटा निकायको डेटा अर्कोलाई सेयर गर्ने परिपाटी अनि स्पष्ट कानुनी अभाव नै आजको मुख्य तगारो हो । यो प्राविधिक समस्या होइन, यो विशुद्ध 'गभर्नेन्स' र समन्वयको अभाव हो । प्रविधिले त केवल आदेश पालना गर्छ, तर त्यो आदेश दिने साझा 'प्रोटोकल' र व्यवस्थापकीय हिम्मत नेतृत्वमा हुनुपर्छ ।

**डेटा छ, तर बाटो छैन**

हामीसँग झण्डै एक करोड नागरिकको 'बायोमेट्रिक' विवरण डिजिटल स्वरूपमा छ । तर, यो डेटालाई अन्य सेवा प्रदायक (बैंक, अस्पताल, कृषि वा मालपोत) सँग आदानप्रदान गर्ने स्पष्ट कानुनी र नीतिगत व्यवस्था छैन । सरकारले अविलम्ब बलियो 'डेटा सुरक्षा तथा गोपनीयता ऐन' निर्माण गरी नागरिकको गोपनीयता सुनिश्चित गर्नुपर्छ । छिमेकी मुलुक भारतले 'डिजिटल पर्सनल डेटा प्रोटेक्सन एक्ट' (डीपीडीपीए) मार्फत नागरिकको डाटालाई कानुनी रूपमा बाँधे झैँ नेपालमा पनि नागरिकको सहमति मा आधारित डाटा साझेदारी प्रणाली बन्नुपर्छ । जबसम्म नागरिकले "मेरो डाटा फलानो प्रयोजनका लागि मात्र प्रयोग गर" भनी डिजिटल रूपमै सहमति दिने संयन्त्र (कन्सेन्ट म्यानेजर) बन्दैन, तबसम्म डाटाको अन्तर-आबद्धता सम्भव छैन ।

राम्रो पक्ष भनेको सरकार र स्थानीय निकायसँग नागरिक को जन्म दर्ता देखि मृत्यु दर्ता र बीचमा भएका सबै कार्य हरु को डाटा बिधुतिय माध्यम बाट कतै न कतै छन् । यी सब 'साइलोस' मा छन् र अब हामी ले अन्तर आवद्धता भयेको एकीकृत डाटा एक्स्चेन्ज प्रणाली निर्माण गर्नु पर्ने छ ।

**क्षेत्रगत रूपान्तरण: कृषिदेखि पर्यटनसम्म**

डिजिटल नेपाल केवल कागजविहीन प्रशासन मात्र होइन, यो त अर्थतन्त्रको मेरुदण्ड हो । कृषि: बीउ, माटो, मल, श्रम, सिँचाइदेखि बिमा र कर्जासम्मको सम्पूर्ण 'भ्याल्यु चेन' डिजिटल स्वरूपमा आउनुपर्छ । 'ओपन नेटवर्क डिजिटल कमर्स' (ओएनडीसी) जस्तो प्रविधि अपनाएर 'डिजिटल हाटबजार' को विकास गर्नु अनिवार्य छ, जहाँ किसानले आफ्नो उत्पादन सिधै उपभोक्तासँग जोड्न सकून् ।

ऊर्जा र पर्यटन: ऊर्जा क्षेत्रमा रियल-टाइम डाटा म्यानेजमेन्ट लागू गरी उत्पादन र खपतको सन्तुलन मिलाउन सकिन्छ । कुन क्षेत्रमा उर्जा को माग र खपत छ र ग्याप के छ भन्ने रियल टाईम जान्कारी राख्न सकिन्छ ।

पर्यटनलाई हामीले 'डिजिटल यात्रा' (डिजिटल जर्नी) को अवधारणामा ढाल्नुपर्छ, जहाँ पर्यटकले बुकिङदेखि अनुभव आदान प्रदानसम्म सबै कार्य डिजिटल माध्यमबाट गर्न सकून् । प्रयटकिय स्थल को जान्कारी आदि राख्न सकिन्छ ।

शिक्षा र स्वास्थ्य: विद्यालयको गुणस्तर, शिक्षक तालिम र स्वास्थ्य क्षेत्रमा टोल-वडादेखि नै एकीकृत डाटा प्रणाली लागू गरी 'एक नागरिक, एक डिजिटल स्वास्थ्य प्रोफाइल' को लक्ष्य भेट्नुपर्छ ।

**मिटरब्याजको अन्त्य र डिजिटल रोजगारी बैंक**

नेपाली समाजमा मिटरब्याज जस्तो कुरीतिले तल्लो तप्काका जनतालाई साहुहरूको शोषणको चक्रमा पारेको छ । यसको स्थायी समाधान 'डिजिटल कर्जा' मा छ । सरकारले वैज्ञानिक र विश्वसनीय 'क्रेडिट स्कोरिङ मोडल' विकास गरी नागरिकलाई उसको वित्तीय व्यवहारका आधारमा विना झन्झट सहुलियतपूर्ण कर्जा दिने व्यवस्था मिलाउनुपर्छ । त्यस्तै, 'डिजिटल रोजगारी बैंक' मार्फत कुन ठाउँमा कस्तो सीपको माग छ र कहाँ कस्तो जनशक्ति उपलब्ध छ भन्ने 'सीपको म्यापिङ' गर्न सकिन्छ ।

झापाको जनशक्तिले धनगढीको अवसरलाई डिजिटल माध्यमबाटै भेट्टाउन सक्ने स्थिति बनाउनु नै आजको आवश्यकता हो । रोजागारी एपमार्फत श्रमको हरेक पाटोलाई जोडेर एकीकृत सेवा दिन सकिन्छ । ज्याला, तलब, कर, सुविधा, बिमा, सामाजिक सुरक्षा, वालेट, बैन्क आदि जस्ता कुरा हरु रोजगारी एपमै राख्न सकिन्छ ।

**आईटी र बोर्डरलेस अर्थतन्त्र: हाम्रो यूएसपी के हो ?**

नेपाल एउटा उदाउँदो अर्थतन्त्र हो र हाम्रो वास्तविक अवसर 'बोर्डरलेस डिजिटल अर्थतन्त्र' मै छ । तर, हामीले रणनीतिक रूपमा सोच्नुपर्छ– विश्व बजारले नेपाली आईटी सेवा नै किन लिने ? के हामीसँग सस्तो श्रम मात्र छ कि गुणस्तर पनि ? आईटि अनुसन्धान र विकास (आर एन्ड डी) मा पुग्ने बिस्वस्निय लगानी हामिले गरेको छौ त ? हाम्रो 'यूनिक सेलिङ प्रपोजिसन (यूएसपी) के हो ? अब हामीले सस्तो श्रमको मात्र कुरा नगरी विशिष्टीकृत सेवा र नवीन प्रविधिमा आफ्नो पहिचान बनाउनुपर्छ ।

**निष्कर्ष: नयाँ "मोटिभेसन" र एकीकृत प्रस्थान**

डिजिटल नेपाल कुनै एउटा विभाग वा सञ्चार मन्त्रालयको कोठामा मात्र सीमित हुनुहुँदैन । यसका लागि प्रधानमन्त्रीको प्रत्यक्ष 'कार्यभार' भन्दा पनि उहाँको बलियो 'मोटिभेसन' र राजनीतिक दिशानिर्देश आवश्यक छ ।

जब प्रधानमन्त्री आफैंले डिजिटल नेपालको नेतृत्व लिन्छन् तब सरकार, निजी क्षेत्र अनि समाज सबैले त्यो संस्कृति को अनुशरण गर्छन् । उदाहरणका लागि भारत अनि सिङ्गापुरको नेतृत्वलाई हेर्दा हुन्छ । डिजिटल रूपान्तरणले मन्त्रालयहरूबीचको परम्परागत शक्ति संरचनालाई चुनौती दिने भएकोले राज्यले मन्त्रालयहरूबीचको 'डेटा एक्सचेन्ज' सम्बन्धी नीतिगत गाँठो फुकाउनु पर्छ ।

अन्ततः, डिजिटल नेपाल सफ्टवेयरको थुप्रो होइन, यो त सुशासनको एउटा आधुनिक र पारदर्शी दर्शन हो । नागरिकले राज्यलाई आफ्नो विवरण जीवनमा एक पटक मात्र बुझाउनुपर्ने (वन्स-वन्ली प्रिन्सिपल) मान्यता स्थापित गर्नुपर्छ । अबको लगानी सफ्टवेयरको लाइसेन्समा भन्दा बढी नीतिगत सुधार, संस्थागत समन्वय, र कानुनी प्रत्याभूतिमा हुनुपर्छ । यदि नेतृत्वले 'प्लेटफर्म' र 'पूर्वाधार' मा लगानी गर्ने साहस गऱ्यो भने, हाम्रो डिजिटल सार्वजनिक पूर्वाधार (डीपीआई) ले पूर्णता पाउनेछ र नेपाली अर्थतन्त्रले एउटा अविश्वसनीय छलाङ मार्नेछ । प्रविधिले बाटो देखाउन सक्छ, तर हिँड्ने त हाम्रो 'डिजिटल इच्छाशक्ति' ले नै हो ।

(साभार: अनलाइनखबर)

# संक्रमणकालीन न्याय निरुपण गर्न बालेन सरकारसामु ऐतिहासिक अवसर छ

✍डा. इन्द्र अधिकारी

संक्रमणकालीन न्यायको निरुपण गर्नका लागि बालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारलाई विशिष्ट र ऐतिहासिक अवसर छ । वर्तमान सरकारको बनोट हेर्ने हो भने यसमा सहभागी अधिकांश कर्ताहरू तत्कालीन सशस्त्र द्वन्द्वको समयमा प्रत्यक्ष रूपमा निर्णायक तहमा थिएनन् । यद्यपि उनीहरूमध्ये केही द्वन्द्वबाट प्रभावित भएका होलान्, तर धेरैजसो माओवादीको १० वर्षे जनयुद्ध, त्यसबेलाको जटिल राजनीतिक परिस्थिति, २०६२/०६३ को जनआन्दोलन, सात राजनीतिक दलहरूको एकता र त्यसपछिका परिणामका प्रत्यक्षदर्शी वा ती परिघटनाहरूसँग राम्रोसँग परिचित भए तापनि उनीहरूमा हिजोको जस्तो पुरानो विरासतको दबाब छैन ।

त्यसैले गर्दा वर्तमान सरकारलाई यो जटिल मुद्दा सुल्झाउनुपर्छ भन्ने बलियो जिम्मेवारी बोध भयो भने काम गर्न निकै सहज हुने देखिन्छ । विगतमा न्याय निरुपणको प्रक्रिया अगाडि बढ्न नसक्नुको मुख्य कारण हिजोको द्वन्द्वमा सहभागी पक्षहरू नै सत्ता र शक्तिमा रहनु हो । एकातिर राज्यको नेतृत्व गरेको नेपाली कांग्रेस, नेकपा (एमाले), पूर्वराजा ज्ञानेन्द्रलगायत राजसंस्थावादी राजनीतिक समूहहरू र अर्कोतर्फ विद्रोही पक्ष माओवादी र त्यसको नेतृत्व गर्ने पुष्पकमल दाहाललगायत नै यसमा जवाफदेही हुनुपर्ने परिस्थिति थियो । दुवै पक्षका कतै न कतै कमजोरी भएका र ती कमजोरीहरूले गर्दा आफू पनि कारबाहीको भागी हुनुपर्ने डरले यो प्रक्रिया समाधानको दिशातर्फ जान सकेको थिएन ।

जवाफदेहिताको दृष्टिविन्दुबाट हेर्ने हो भने युद्धको समयमा मान्छेहरू मारिनु, बलात्कृत हुनु, घाइते हुनु वा पीडित हुनुलाई कतिपयले युद्धको सामान्य स्वभावका रूपमा लिने गर्छन् । तर, द्वन्द्वको समयमा भएका घटनाहरू मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्य र मान्यताभित्र थिए वा बाहिर भन्ने महत्त्वपूर्ण हुन आउँछ । युद्धको नाममा भएका एकपक्षीय हमला, नियन्त्रणमा लिएपछि गरिएका हत्या वा विद्रोही र राज्य पक्षले पालना गर्नुपर्ने युद्धका नियमहरूको उल्लंघन भएका घटनाहरूलाई सामान्य मान्न सकिँदैन । राज्य पक्ष त झन् बढी जिम्मेवार र कानुनसम्मत हुनुपर्ने थियो । नेतृत्वले कमान्ड गरे तापनि कार्यान्वयन गर्ने तहबाट भएका अधिकारको दुरुपयोगको जिम्मेवारी पनि अन्ततः नेतृत्वले नै लिनुपर्ने हुन्छ ।

यदि नेतृत्वले मातहतका अधिकारीहरूबाट गल्ती भएको स्वीकार गर्छ भने उनीहरूलाई कारबाही गरेर आफूलाई स्वच्छ देखाउनुपर्छ । अन्यथा हाइ कमान्डकै निर्णयबाट ती काम भएका हुन् भने नेतृत्व आफैं जिम्मेवार बन्नुपर्छ । तर, विगतमा आफ्ना कार्यकर्ता वा मातहतका व्यक्तिहरूले गरेको हिंसालाई ढाकछोप गर्ने र आफू निर्दोष भएको दाबी गर्ने प्रवृत्ति देखियो ।

उदाहरणका लागि, प्रचण्डले आफूले व्यक्तिगत रूपमा एक जना पनि नमारेको बताउँदै गर्दा पाँच हजार मृतकको जिम्मा लिन्छु भनेको प्रसङ्गलाई लिन सकिन्छ । जिम्मेवारी लिन्छु भन्नु केवल मौखिक कुरा मात्र होइन, यो त स्वीकारोक्ति र कारबाहीको भागी हुन सक्ने तत्परता पनि हो । नेतृत्वले 'व्यक्तिगत रूपमा मैले एक जना पनि मारेको छैन' भन्नु एक खाले गैरजिम्मेवार प्रस्तुति हो । किनभने नेतृत्वले सम्पूर्ण कर्मको राजनीतिक र नैतिक जिम्मेवारी बोक्नुपर्छ ।

द्वन्द्वकालमा राज्यका तर्फबाट सेना, प्रहरी र विद्रोहीका तर्फबाट भएका धरपकड, अपहरण, बेपत्ता र अङ्गभङ्गका घटनाहरूका साथै विद्रोहीका तर्फबाट सम्पत्ति लुटिएका र जमिन खोसिएका अनेकौं मुद्दाहरू अझै पनि अनुत्तरित छन् । विगतका राज्य पक्ष र विद्रोही पक्ष पछिल्लो चरणमा सँगै सरकारमा बस्ने, सँगै चुनाव लड्ने र एकले अर्कालाई सन्तुलनमा राख्नका लागि अघोषित समझदारी गर्ने गरेकाले यो प्रक्रिया अगाडि बढ्न सकेको थिएन ।

दुवै पक्ष कतै न कतै दोषी भएपछि एकअर्काको हित रक्षाका लागि उदासीन बस्ने स्थिति बन्यो । तर अहिलेको सरकार र बालेन स्वयं त्यस परिघटनादेखि पर भएको हुनाले उनका लागि यो सकारात्मक पक्ष हो । उनीहरू सम्पूर्ण परिघटनाका सीधा पक्षधर होइनन् । तथापि सरकारको नेतृत्वमा को आउँछ भन्ने कुरा गौण हो किनभने वर्तमान सरकारको नेतृत्वकर्ता विगतका सरकारहरूको अविच्छिन्न उत्तराधिकारी हो ।

त्यसैले सरकारले मनैदेखि न्याय प्रत्याभूत गर्ने र यसलाई सफल बनाउने संकल्प लिने हो भने यो धेरै ठुलो उपलब्धि नै हुनेछ । जसरी नेपालमा हतियार र सेनाको समायोजन एउटा सफल र मौलिक मोडेलका रूपमा सम्पन्न भयो, त्यसरी नै बाँकी रहेका यी मुद्दाहरूलाई पनि सैद्धान्तिक र कानुनी आधारमा टेकेर टुंग्याउन सम्भव छ । यसका लागि सरकार अलिकति खुला, उदार र जिम्मेवार हुन जरुरी छ । यसो गर्दा सुरक्षा निकायले पनि सरकारलाई सघाउने परिस्थिति बन्छ नै ।

सत्य निरुपण हुन नसक्दा र बेपत्ताको कुरा बाहिर नआउँदा हाम्रा सुरक्षा अधिकारीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा अपमानित महसुस गर्नुपर्ने र विभिन्न ठाउँमा जान अप्ठ्यारो पर्ने स्थिति विद्यमान छ । यसले सुरक्षा अङ्गको छविमा पनि प्रश्न उठाएको छ । यो मुद्दालाई सल्ट्याउँदा सुरक्षा सङ्गठनमा स्वच्छता आउने र उनीहरूले सुरक्षित महसुस गर्ने वातावरण बन्नेछ । सुरक्षाकर्मीहरूमा एउटा ठुलो मनोवैज्ञानिक त्रास छ कि राजनीतिक नेतृत्व त आपसमा मिलेर उम्किनेछ, तर प्राविधिक र कार्यान्वयनको तहमा रहेका सुरक्षा अधिकारीहरू मात्रै 'भिक्टिम' हुनेछन् । हो, द्वन्द्वको बेला राज्यको तर्फबाट भएका अधिकांश हिंसात्मक घटनाहरू सुरक्षाकर्मीकै हातबाट भएका थिए, तर ती राजनीतिक निर्णयका आधारमा भएका थिए भने डराउनु परेन । नत्र दोषी भएकाले अपराधको प्रकृतिअनुसार कारबाही भोग्न तयार भएर सघाउनुपर्ने हुन्छ ।

तर, त्यहाँ एउटा अर्को महत्त्वपूर्ण पक्ष के छ भने, युद्धको नाममा कसैले पनि बलात्कार गर्न, निहत्थालाई मार्न, अङ्गभङ्ग गर्न वा अमानवीय र जघन्य अपराध गर्न पाउँदैन । त्यस्ता जघन्य अपराधमा संलग्नहरूलाई भने कारबाहीको दायरामा ल्याउनै पर्छ । टेरोरिस्ट एन्ड डिस्ट्रक्टिभ एक्टिभिटिज एक्ट (टाडा), प्रिभेन्सन अफ टेरोरिस्ट एक्ट (पोटा) र सङ्कटकालको घोषणा गरेर सुरक्षाकर्मीलाई अत्यधिक शक्ति प्रयोगको अधिकार दिइएको थियो, जसको दुरुपयोग गरेर कतिपयले नाजायज फाइदा उठाएका थिए । त्यस्ता पात्रहरूलाई कारबाही गर्दा सुरक्षा संरचनाकै छवि उचो हुने हो ।

विश्वका द्वन्द्वग्रस्त मुलुकहरूमा नेपालको शान्ति प्रक्रियालाई निकै महत्त्वपूर्ण र सकारात्मक अध्यायका रूपमा हेरिन्छ । शान्ति प्रक्रिया सुरु भएसँगै भएको सेना समायोजन र द्वन्द्वपछि हुने विग्रह उल्लेख्य रूपमा नेपाली समाजमा देखिएन । यो निकै महत्त्वपूर्ण सन्दर्भ हो । त्यसैले हामीले सत्य निरुपण र बेपत्ताको मुद्दालाई पनि आफ्नै प्रयास र चिन्तन पद्धतिबाट सुल्झाउन सक्यौं भने नेपाल विश्वमा द्वन्द्व व्यवस्थापनको महत्त्वपूर्ण मानकका रूपमा स्थापित हुनेछ ।

संयुक्त राष्ट्रसैको शान्ति मिसनमा उत्कृष्ट सेवा दिइरहेका हाम्रा सेना र प्रहरीले आफ्नो देशको यो सफल उदाहरण विश्वसामु गर्वका साथ राख्न पाउनेछन् । यो सबै अवसर अहिलेको सरकारसामु छ । त्यसैले संक्रमणकालीन न्यायको यो प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सरकारले सबै पक्षसँग व्यापक र गहिरो परामर्श गर्नुपर्छ । समस्या जटिल बन्नुको अर्को महत्त्वपूर्ण कारण द्वन्द्वपीडित परिवारहरूलाई राज्यले विश्वास र अपनत्व दिलाउन नसक्नु पनि हो । कुनै पक्षलाई पनि राजनीतिक प्रतिशोध साँध्न खोजिएको हो कि भन्ने भान पर्न दिनु हुँदैन । हिजोका सबै मुख्य पात्रहरू- राजसंस्थावादीहरूको तर्फबाट ज्ञानेन्द्र शाह, कांग्रेसका शेरबहादुर देउवा, एमालेका केपी ओली र विद्रोही नेता प्रचण्ड आदि सबै कतै न कतै यो इतिहाससँग जोडिएका छन् ।

सङ्कटकाल लगाउने, टाउकोको मूल्य तोक्ने र युनिफाइड कमान्ड बनाएर युद्ध लड्नेहरू नै आजको राजनीतिको केन्द्रमा रहँदै आएका छन् । उनीहरूले यो काम सरकारको नेतृत्वको हैसियतले गरेका हुन् । यसैले यो जटिलतालाई चिर्न बालेन्द्र नेतृत्वको सरकार सबैभन्दा पहिला आफू इमानदार हुनुपर्छ । आयोगहरू बनाइएका छन् तर तिनीहरूलाई आवश्यक बजेट, स्रोत र प्राविधिक सहयोग पर्याप्त छैन । सत्य निरुपण भनेको केवल बयान लिने कुरा मात्र होइन, यो त गहिरो अनुसन्धान गर्ने र विद्रोहको मूल कारणदेखि राज्यको दमनको प्रकृतिसम्मलाई बुझ्ने प्रक्रिया हो ।

अहिलेको पुस्ता हिजोको इतिहासलाई राम्रोसँग अध्ययन गरेर मात्र एउटा ठोस निचोडमा पुग्न सक्छ । सरकारले प्रतिपक्षमा रहेका दलहरूलाई पनि विश्वासमा लिएर समन्वयकारी भूमिका खेल्नुपर्छ । प्रहरी र अनुसन्धान निकायलाई उनीहरूको कार्यगत स्वायत्तता सुनिश्चित गरिदिनुपर्छ, ताकि बाहिर कतै पनि यो राजनीतिक खटनपटनमा भइरहेको छ भन्ने सन्देश नजाओस् । नेपालको शान्ति प्रक्रियाको एउटा मुख्य मर्म भनेको कुनै पनि नाममा भएका जघन्य अपराधमा क्षमादान दिन सकिँदैन भन्ने हो । बलात्कार, नियन्त्रणमा लिएपछि गरिएका हत्या र अपहरण गरी बेपत्ता पारिएका घटनाहरूमा कुनै पनि हालतमा माफी हुन सक्दैन । युद्धका क्रममा मृत्यु हुनु एउटा पक्ष हो, तर निहत्थालाई समातेर मार्नु वा हिरासतमा अमानवीय हर्कत गर्नुलाई कुनै पनि कानुनले स्वीकार गर्दैन । यस्ता घटनाहरूलाई स्पष्ट रूपमा वर्गीकरण गरेर न्यायको कठघरामा ल्याउनुपर्छ ।

धेरै पीडित परिवारहरू दशकौंदेखि आफ्ना प्रियजनले न्याय पाउने प्रतीक्षामा छन् । 'लास नदेखेसम्म आस हुन्छ' भनेझैं, आम पीडित परिवारहरू अझै पनि हराएका छोराछोरी वा दम्पती फर्किने आसमा बाटो हेरेर बसिरहेका छन् । सांस्कृतिक र धार्मिक रूपमा काजक्रिया गर्न नपाउँदा उनीहरूमा जुन मनोवैज्ञानिक पीडा छ, त्यसलाई शब्दमा व्यक्त गर्न सकिँदैन । मान्छेको आत्मा कतै भड्किरहेको होला भन्ने विश्वास गर्नेहरूका लागि यो एउटा ठुलो टर्चर हो ।

यी सबै कुरालाई सम्बोधन गर्न सरकारसामु अवसर मात्रै पर्याप्त होइन, सरकारमा न्यायिक मन र मानवीय संवेदना पनि हुन जरुरी छ । अन्ततः, यो प्रक्रियाले समाजमा एउटा सकारात्मक र सौहार्दपूर्ण वातावरण निर्माण गर्नेछ । वर्षौंदेखि एकअर्कामाथि गरिएको आरोप-प्रत्यारोपको अन्त्य हुनेछ । प्रचण्डलाई 'हत्यारा' वा सेनालाई 'बलात्कारी' भन्ने आरोप-प्रत्यारोपको सिलसिलाको अन्त्य हुनेछ । र, पीडित परिवारहरूले न्याय पाउनेछन् । सामाजिक रूपमा हामीहरूबीचको सम्बन्ध झनै सौहार्द र प्रेमिल हुनेछ । एउटा समाजका लागि यो धेरै ठुलो कुरा हुनेछ । अहिलेको आवश्यकता पनि यही हो । नेतृत्व तहमा भने अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्ने डरको पनि अन्त्य हुनेछ । यदि सरकार संवेदनशील ढङ्गले, विज्ञहरूसँग सल्लाह गरेर र सबै पक्षलाई समेटेर अगाडि बढ्ने हो भने नेपालको द्वन्द्व व्यवस्थापनको यो बाँकी काम पनि सफलतापूर्वक सम्पन्न हुनेछ ।

*(साभार: रातोपाटी)*

# नेपाली क्रिकेट: पहिलो पटक फरक फर्म्याट, फरक स्क्वाडको अभ्यास

काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान)ले पहिलोपटक फरकफरक कप्तानसहित राष्ट्रिय टोलीको घोषणा गरेको छ । क्यानले आगामी सोमबार र मंगलबार हुने युएईविरुद्धको टी-२० सिरिजका लागि दीपेन्द्रसिंह ऐरीको कप्तानमा १५ सदस्यीय टोलीको घोषणा गरेको हो ।

यस्तै वैशाख १२ गतेबाट सुरु हुने आइसीसी विश्वकप लिग-२ अन्तर्गत ओमन र युएईविरुद्धको एकदिवसीय(ओडिआई) सिरिजका लागि रोहित पौडेलले नेपालको कप्तानी गर्नेछन् । यसअघि ओडिआई र टी-२०आईको कप्तानी रोहितले गर्दै आएका थिए । तर, क्यानले शुक्रबारदेखि टी-२०आईको कप्तानी दीपेन्द्रलाई सुम्पिएको हो ।

नेपालले इतिहासमै पहिलोपटक फरक-फरक कप्तान पाएको हो । यसअघि एउटैले टी-२० र ओडिआईको कप्तानी गर्दै आएका थिए । क्यानले कप्तान मात्र नभई ओडिआई र टी-२० आई खेलाडीहरुसमेत फरकफरक राखेको छ ।

यसअघि टी-२०आईका कप्तान रहेका रोहित यसपटक स्क्वाडमै अटाएका छैनन् । उनीसहित पछिल्लोपटक टी-२०आई टोलीमा रहेका ५ खेलाडी यसपटक टोलीमा छैनन् । रोहितसहित अनुभवीद्वय करण केसी र सोमपाल कामी, ललित राजवंशी र आसिफ शेख टोलीमा नपर्दा युवा क्रिकेटरले अवसर पाएका छन् ।

कुशल मल्ल, सन्तोष यादव, अर्जुन साउद, हेमन्त धामी र शाहव आलमले टी-२० मा अवसर पाएका हुन् । सन्तोष र हेमन्तले पहिलोपटक अवसर पाउँदा कुशल, अर्जुन र शाहव यसअघि पनि टोलीमा परेका थिए । युवा क्रिकेटर सन्तोष र हेमन्तले प्रधानमन्त्री (पीएम) कप एकदिवसीय क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका थिए । उनले ब्याटिङ र बलिङमा उत्कृष्ट छाप छोड्दै सर्वोत्कृष्ट खेलाडी घोषित भए । सर्वाधिक विकेट लिएका सुदूरपश्चिमका हेमन्त मल्ल उत्कृष्ट बलर घोषित भए ।




**ओडिआईमा पुरानालाई नै मौका**

टी-२०आईमा नयाँ खेलाडीले अवसर पाउँदा ओडिआईमा भने पुरानै खेलाडीको वर्चश्व कायम छ । मधेश प्रदेशमा जारी प्रधानमन्त्री (पीएम) कप एकदिवसीय क्रिकेटमा सर्वाधिक रन बनाएका अर्जुन कुमालले पहिलोपटक टोलीमा स्थान बनाएका छन् । यस्तै विनोद भण्डारी ३ वर्षपछि टोलीमा फर्किदा त्यसबाहेक ओडिआई टोलीमा खासै परिवर्तन छैन ।

पीएम कपमा सर्वोत्कृष्ट खेलाडी घोषित भएका सन्तोष यादव र सर्वाधिक विकेट लिएर उत्कृष्ट बलर बनेका हेमन्त धामीले ओडिआई स्क्वाडमा स्थान बनाउन सकेनन् । यस्तै उत्कृष्ट प्रदर्शन गरेका शेर मल्ल, नारायण जोशी र दिनेश खरेलले पनि ओडिआईमा अवसर पाएनन् । पीएम कप एकदिवसीय क्रिकेटमा सर्वोत्कृष्ट खेलाडी बनेको सन्तोष र उत्कृष्ट बलर बनेका हेमन्तलाई टी-२० टोलीमा लाग्दै ओडिआइबाट पाखा लगाइयो ।

पीएम कपमा चल्न नसकेका रोहितले ओडिआईको कप्तानी गर्नेछन् । पीएम कपमा चल्न नसकेका कुशल भुर्तेल, भीम सार्की, गुल्सन झा, सोमपाल कामी र करण केसीसहित खेलाडीले पनि ओडिआई अवसर पाए । आईसीसी विश्वकप लिग-२ मा नेपालको प्रदर्शन कमजोर छ । नेपालले २० खेलबाट ५ खेलमा मात्र जित निकालेको छ । यस्तो अवस्थामा यसपछि हुने हरेक खेल नेपालका लागि महत्वपूर्ण हुनेछ । तर, क्यानले नयाँ र फर्ममा रहेका खेलाडीलाई अवसर दिनुको सट्टा पुरानै खेलाडीलाई टोलीमा समेटेको छ ।

**फरक फरम्याट, फरक स्क्वाड**

ओडिआई र टी-२०आईमा फरकफरक खेलाडी हुनुपर्ने आवाज पहिलेदेखि उठ्दै आएको हो । एउटै खेलाडी दुवैतर्फ हुँदा फर्म विग्रिने भन्दै क्रिकेट समर्थकले फरकफरक खेलाडीको माग गरेका थिए ।

ओडिआई र टी-२० मा खेल्ने शैली फरकफरक हुन्छ । टी-२० मा आक्रामक र छिटो रन बनाउनुपर्ने र ओडिआईमा धैर्यताका साथ इनिङ्सलाई अगाडि बढाउनु पर्नुपर्ने आवश्यकता हुन्छ । त्यसलाई मध्यनजर गर्दै क्यानले कप्तानसँगै खेलाडीहरुसमेत फरकफरक राखेको छ ।

यसअघि ओडिआई र टी-२०आईका लागि करिब एउटै खेलाडी स्क्वाडमा पर्ने गर्थे । यसपटक ओडिआई र टी-२०आईमा फरकफरक खेलाडी छन् । ओडिआईमा परेका रोहितसहित ७ खेलाडी टी-२०आई टोलीमा परेका छैनन् । रोहितसहित करण केसी, सोमपाल कामी, भीम सार्की, ललित राजवंशी, विनोद भण्डारी र अर्जुन कुमाल ओडिआईमा मात्र परेका छन् । कुशल मल्ल, सन्दीप जोरा, लोकेश बम, सन्तोष यादव, शेर मल्ल, हेमन्त धामी, अर्जुन साउद र शाहव आलम टी-२०आई टोलीमा परेका छन् । यस्तै दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, कुशल भुर्तेल, बसिर अहमद, गुल्सन झा, नन्दन यादव र आरिफ शेख दुवैतर्फ स्थान बनाएका छन् ।

फरक फर्म्याटमा फरक हुँदा खेलाडीको क्षमताअनुसार व्यवस्थापन हुने राष्ट्रिय टोलीका पूर्वकप्तान तथा छनोट समितिका पूर्वसंयोजक एलबी क्षेत्री बताउँछन् । 'हामीले पहिलेदेखि नै ओडिआई र टी-२०आई टोली फरकफरक हुन्छ भने भनेका थियौ । खेलाडीले आफ्नो प्रदर्शन देखाउनका लागि यो माध्यम पनि हो । खेलाडीको क्षमता फरक फरक हुन्छ । यसले क्षमताअनुसार व्यवस्थापन हुन्छ,' उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बालेनको १२ वर्ष पुरानो गीत युट्युबबाट हटाउन माग गर्दै उजुरी



काठमाडौं/प्रधानमन्त्री समेत रहेका हिपहप गायक बालेनको १२ वर्ष पुरानो एक गीतलाई युट्युबबाट हटाउन माग गर्दै प्रहरीको साइबर ब्यूरोमा शुक्रबार उजुरी परेको छ । हिपहप ब्याटल 'रअ बार्ज' मा बालेनले उक्त गीत गाएका थिए । गीतलाई सङ्स नेपाल लगायतका युट्युब च्यानलले अपलोड गरेका थिए ।


सो गीत महिला विरोधी तथा यौनिक, लैंगिक अल्पसंख्यक समुदायविरुद्ध घृणा जगाउने खालको भएकाले युट्युबबाट हटाउन माग गर्दै उजुरी परेको साइबर ब्यूरोले जनाएको छ । विवेक मगर, रोजी पुन, महिन्द्रसिंह दनुवार र पवन राई (बाबु) ले संयुक्त रूपमा दायर गरेको उजुरीमा 'सङ्स नेपाल युट्युब च्यानल'बाट उक्त गीत हटाउन माग गरिएको छ ।

२० मिनेट १४ सेकेन्ड लामो भिडिओको लिङ्कसहितको विवरण समेत उल्लेख गरिएको उजुरीमा भनिएको छ, '...भिडिओमा बालेन्द्र शाह (बालेन) प्रयोग गरिएका शब्दहरू महिला विरोधी तथा अपमानजनक साथै यौनिक तथा अल्पसंख्यक समुदाय विरुद्ध घृणात्मक अभिव्यक्ति समावेश गरिएको छ ।'

आवश्यक अनुसन्धान गरि कार्वाहीको माग गर्दै उजुरी दिइएको छ । १२ वर्षअघि यमबुद्ध लगायतका हिपहप कलाकारले नेपहपलाई प्रवर्धन गर्न 'रअ बार्ज' कार्यक्रम आयोजना गरेका थिए । उक्त कार्यक्रममा बालेनले र्‍याप गायन गरेका थिए । तर, राष्ट्रिय राजनीतिमा बालेनको उदय भएपछि त्यतिबेलाका भिडियो अहिले आएर भाइरल बनेको देखिन्छ ।

# 'लालीबजार मेरो हृदयको नजिक'

काठमाडौं/अभिनेत्री स्वस्तिमा खड्काले आगामी फिल्म 'लालीबजार'लाई आफ्नो करिअरकै विशेष रूपमा लिएकी छन् । फिल्मबारे शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यो फिल्मलाई जीवनभर सम्झिरहने बताइन् ।



उनले भनिन्, 'मेरा लागि यो फिल्म निकै विशेष हुन्छ । धेरै वर्षपछि फर्केर हेर्दा पनि म यसलाई सधैं सम्झिरहन्छु । नतिजा जे आए पनि, यो मेरो लागि स्पेसल मोमेन्ट हो ।' 'लालीबजार'मा स्वस्तिमाले पश्चिम तराईको सीमान्तकृत वादी समुदायकी महिलाको भूमिका निर्वाह गरेकी छन् । फिल्मले आमा र छोरीबीचको सम्बन्ध, संघर्ष र सामाजिक यथार्थलाई केन्द्रमा राखेको छ । विशेषगरी साहुको शोषणविरुद्ध एक आमाले छोरीका लागि गर्ने संघर्षलाई फिल्मले मार्मिक ढंगले प्रस्तुत गर्छ ।

आमाको मुख हेर्ने दिनको अवसरमा सार्वजनिक गरिएको ट्रेलरले पनि यही भावनालाई समेटेको छ । करिब तीन मिनेट लामो ट्रेलरले कथा, चरित्र र केन्द्रीय द्वन्द्वलाई स्पष्ट संकेत गर्छ । ट्रेलर हेर्दा फिल्म भावनात्मक र सामाजिक सन्देश बोकेको देखिन्छ ।

स्वस्तिमा भन्छिन्, 'हामीले धेरै पारिवारिक कथा भनिसकेका छौं, तर यो फिल्मको पृष्ठभूमि फरक छ । वादी समुदायको सेटअपमा आमा-छोरीको कथा देखाउँदा दर्शकलाई नयाँ अनुभव हुन सक्छ ।' उनले फिल्म निर्माण टिमको काम गर्ने शैलीको पनि प्रशंसा गरिन् । 'षट्कोण आर्ट्सले आफूलाई कमर्सियल र क्रिटिकल दुवै हिसाबले प्रमाणित गरिसकेको टिम हो । उहाँहरूसँग काम गर्दा धेरै सिक्ने मौका पाएँ,' उनले भनिन् ।

निर्देशक तथा लेखक यम थापाले वादी समुदायका महिलाले भोग्दै आएको श्रम र यौन शोषणलाई फिल्ममा चित्रण गरेका छन् । समाजमा जरा गाडेर बसेको सामन्ती र पितृसत्तात्मक सोचविरुद्धको आवाज फिल्मको मुख्य स्वर हो । फिल्ममा नत्थी प्रथामार्फत हुने शोषण र त्यसविरुद्ध एक आमाले गर्ने प्रतिरोधलाई कथा बनाइएको छ । रवीन्द्रसिंह बानियाँले साहुको भूमिकामा अभिनय गरेका छन् ।

निर्माता म्याक्स दिपेश खत्रीका अनुसार स्वस्तिमाको अभिनयले दर्शकलाई गहिरो प्रभाव पार्नेछ । 'उहाँले सामाजिक कथा र पात्रमा निरन्तर काम गरिरहनुभएको छ । यस फिल्ममा उहाँको बहुआयामिक अभिनय देख्न पाइन्छ', उनले भने ।

फिल्ममा मुकुन्द श्रेष्ठ, विशाल देवकोटा, प्रशंसा सुवेदी, समाइरा थापा र अभय बराल लगायत कलाकारको पनि अभिनय छ । 'टलकजंग भर्सेस टुल्के', 'जात्रा' श्रृंखला र 'महापुरुष' निर्माण गरेको षट्कोण आर्ट्सको ब्यानरमा बनेको यो फिल्म आगामी बैशाख १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । पत्रकार सम्मेलनको अन्त्यतिर स्वस्तिमाले दर्शकलाई सम्बोधन गर्दै भनिन्, 'ह्याप्पी मदर्स डे । बैशाख १८ मा हलमा भेटौंला ।"

# इरान युद्धका बाबजुद चीनको जीडीपीमा अपेक्षाभन्दा बढी वृद्धि कसरी भयो ?

काठमाडौं/सन् २०२६ को पहिलो तीन महिनामा चीनको अर्थतन्त्र अपेक्षाभन्दा तीव्र गतिमा अघि बढेको छ । यद्यपि, यस अवधिमा अमेरिका-इजरायलको इरानसँगको युद्धका कारण विश्वभरका देशहरू प्रभावित भएका छन् ।



आधिकारिक तथ्याङ्क अनुसार, जनवरीदेखि मार्चसम्म चीनको जीडीपीमा अघिल्लो वर्षको तुलनामा ५ प्रतिशतको वृद्धि भएको छ । अर्थशास्त्रीहरूले यो तथ्याङ्क करिब ४.८ प्रतिशत रहने अनुमान गरेका थिए । गत महिना चीनले आफ्नो वार्षिक आर्थिक वृद्धि लक्ष्यलाई घटाएर ४.५ देखि ५ प्रतिशतको सीमामा झारेपछि आधिकारिक जीडीपी तथ्याङ्क सार्वजनिक गरेको यो पहिलो पटक हो । यो सन् १९९१ यताकै चीनको सबैभन्दा कम वृद्धि लक्ष्य हो ।

**उत्पादन क्षेत्रको ठूलो योगदान**

अघिल्लो त्रैमासिकमा चीनको जीडीपीमा ४.५ प्रतिशतको वृद्धि भएको थियो । तर यसपटक उत्पादन (म्यानुफ्याक्चरिङ) क्षेत्रले चीनको जीडीपी वृद्धि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । यद्यपि, यसबीच विश्वको दोस्रो ठूलो अर्थतन्त्रमाथि घरजग्गाको लगानीमा आएको गिरावटको दबाब लगातार कायमै छ । कार र अन्य निर्यातले जीडीपीका यी तथ्याङ्कहरूमा ठूलो भूमिका खेलेको ब्रुकिङ्स इन्स्टिच्युसनका विश्लेषक काइल चेनले बताएका छन् ।

चेनले भने, 'यद्यपि, इरान युद्धको पूर्ण प्रभावको मूल्याङ्कन हुन अझै बाँकी छ । आगामी त्रैमासिकमा जीडीपी तथ्याङ्कहरूमा यस तनावका कारण गिरावट देखिन सक्छ ।' चीनको पछिल्लो जीडीपी लक्ष्य र आर्थिक उद्देश्यहरू मार्चमा घोषणा गरिएको नयाँ पञ्चवर्षीय योजनाअन्तर्गत प्रस्तुत गरिएका हुन् ।

**अर्थतन्त्रलाई नयाँ रूप दिने प्रयास**

चीनले नवप्रवर्तन (इनोभेसन), हाई-टेक उद्योग र घरेलु खर्चलाई बढावा दिने प्रयासहरूमा भारी लगानी गर्ने वाचा पनि गरेको छ । सत्तारुढ कम्युनिस्ट पार्टीले देशको अर्थतन्त्रलाई नयाँ रूप दिने प्रयास गरिरहेको छ । यो कम खपत, घट्दो जनसंख्या र लामो समयदेखि चलिरहेको घरजग्गा सङ्कटलगायत धेरै समस्याहरूसँग जुधिरहेको छ ।

इरान युद्धका कारण चीनले ऊर्जा सङ्कटको पनि सामना गर्नुपरेको छ । यसका अतिरिक्त विश्वव्यापी व्यापारसँग जोडिएको तनाव र ट्रम्पका भन्सार शुल्क नीतिहरू पनि यस सङ्कटका कारण हुन् । चीनले यस समय आफ्ना अधिकांश सामानहरूमा १० प्रतिशत अमेरिकी भन्सार शुल्कको सामना गरिरहेको छ ।

यद्यपि, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले मङ्गलबार बताए अनुसार, जुलाईको सुरुसम्ममा यी शुल्कहरूलाई ती स्तरहरूमा फर्काउन सकिन्छ, जुन सर्वोच्च अदालतले कैयौं आयात करहरू रद्द गर्नुअघि लागू थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मे महिनामा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग चीनमा भेटवार्ता गर्ने अपेक्षा गरिएको छ । मङ्गलबार चीनले मार्च महिनाको निर्यात तथ्याङ्क सार्वजनिक गर्‍यो । यसबाट वृद्धि दरमा तीव्र गिरावट आएको देखिन्छ । यसको कारण द्वन्द्वले गर्दा महँगी बढ्नु र मानिसहरूको खर्च कम हुनु हो ।

**मार्चमा चीनको आयात पनि बढ्यो**

जनरल एडमिनिस्ट्रेसन अफ कस्टम्सले मङ्गलबार जारी गरेको तथ्याङ्कअनुसार, गत महिना चीनको निर्यात वृद्धि तीव्र रूपमा घटेर २.५ प्रतिशतमा झरेको छ, जबकि गत वर्ष यसै समयमा यो धेरै थियो । यो पछिल्लो छ महिनामा निर्यात वृद्धिको सबैभन्दा तल्लो स्तर हो । यसअघि जनवरी र फेब्रुअरीको कुल निर्यातमा अघिल्लो वर्षको तुलनामा २० प्रतिशतभन्दा बढीको वृद्धि भएको थियो । इलेक्ट्रोनिक्स र उत्पादनसँग जोडिएका सामानहरूको अत्यधिक मागका कारण यो तथ्याङ्क बढेको थियो ।

चीनले हरेक वर्षका पहिलो दुई महिनाको व्यापार तथ्याङ्कलाई एकसाथ जोड्छ, ताकि लुनार न्यु इयर (चिनियाँ नयाँ वर्ष) को बिदाको समयमा हुने उतारचढावको हिसाब राख्न सकियोस् । यी बिदाहरू हरेक वर्ष फरक-फरक मितिमा हुन्छन् । भन्सार तथ्याङ्कअनुसार, मार्चमा चीनको आयात पनि करिब २८ प्रतिशतले बढ्यो ।

यसका कारण चीनको मासिक व्यापार बचत वा ट्रेड सरप्लस (निर्यात उसको आयातभन्दा कति बढी) ५० अर्ब डलरभन्दा अलिकति बढी रह्यो । तर विगत एक वर्षमा यो सबैभन्दा कम मासिक ट्रेड सरप्लसको तथ्याङ्क हो । अस्ट्रेलियन नेसनल युनिभर्सिटीका अर्थशास्त्रका लेक्चरर यिक्सियाओ जोका अनुसार, आयातको मूल्यमा भएको वृद्धिको कारण इरान युद्धका कारण विश्वभरि लागतमा भएको वृद्धि हुन सक्छ । इरान युद्धले चिनियाँ निर्यातमा के असर पार्न सक्छ ?

पारवहनका लागि महत्त्वपूर्ण होर्मुज जलसन्धिको प्रयोग गर्न खोज्ने जहाजहरूविरुद्ध इरानको धम्कीका कारण कच्चा तेलको मूल्य बढेको छ । साथै यसबाट बन्ने सामानहरू, जस्तै प्लास्टिकको मूल्य पनि बढेको छ । जापान र दक्षिण कोरिया जस्ता अन्य ठूला एसियाली अर्थतन्त्रहरूको तुलनामा, चीन खाडी देशहरूबाट प्राप्त हुने तेलमा कम निर्भर छ । जापान र दक्षिण कोरियामा यस सङ्कटको गहिरो असर परेको छ ।

तर चीनमा पेट्रोल महँगो हुँदै गइरहेको छ । हवाई इन्धनको मूल्य बढेका कारण केही चिनियाँ एयरलाइन्सले आफ्ना उडानहरू कटौती गरेका छन् । जोका अनुसार, यदि यस द्वन्द्वका कारण बढेको मूल्यले गर्दा विश्वभरका उपभोक्ताहरूले खर्च गर्न कम चासो देखाए भने यस युद्धको असर चीनको निर्यातमा पर्न सक्छ । उनले भने, 'निर्यातमा हुने वृद्धि अन्ततः तपाईंका व्यापारिक साझेदारहरूको अर्थतन्त्रमा निर्भर गर्छ । यस वृद्धिलाई लगातार धेरै उच्च दरमा कायम राख्न गाह्रो हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# सबै जिल्ला प्रशासनमा एकद्वार सेवा प्रणाली लागू गर्न गृहको ९ बुँदे निर्देशन

काठमाडौँ/गृह मन्त्रालयले सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन देशभरका जिल्ला र इलाका प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहितको नौबुँदे निर्देशन जारी गरेको छ । मन्त्रालयले चालु आर्थिक वर्षको बजेटबाटै एकद्वार प्रणाली लागू गर्ने प्रबन्ध मिलाउन र आगामी वर्षका लागि आवश्यक न्यूनतम बजेट माग गर्न प्रशासन कार्यालयहरूलाई भनेको छ ।

प्रमुख जिल्ला अधिकारीहरू (सिडिओ) लाई सरकारको प्रतिनिधिको रूपमा शान्ति सुरक्षा कायम गर्ने, जनताको जिउधनको संरक्षण गर्ने र सार्वजनिक सेवा तथा सुशासनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न मन्त्रालयले स्मरण गराएको छ ।

गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेकै दिन प्रशासन कार्यालयहरूबाट दिइने सेवा एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका थिए । साथै, गत चैत १३ गते मन्त्रिपरिषद्बाट स्वीकृत 'शासकीय सुधारका १०० कार्यसूची' मा पनि सार्वजनिक सेवामा नागरिकको विश्वास जित्ने गरी काम गर्नुपर्ने उल्लेख छ । सोही मर्मअनुसार मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै केही जिल्लामा लागू भएका टोकन प्रणाली, नागरिक सुनुवाइ, अनलाइन सिफारिस र निःशुल्क सहायता कक्षजस्ता नवप्रवर्तनात्मक अभ्यासलाई सबैतिर संस्थागत गर्दै एकद्वार सेवा प्रणाली तत्काल लागू गर्न निर्देशन दिएको हो ।

**यस्तो छ गृह मन्त्रालयको ९ बुँदे निर्देशनः**

१. एकद्वार सेवा र पूर्वाधार व्यवस्थापन

नयाँ र प्रतिलिपि नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र र नाबालक परिचयपत्रसम्बन्धी सेवाका लागि सेवाग्राहीमैत्री कक्ष तयार गर्ने । कार्य प्रारम्भ गर्नेदेखि स्वीकृत गर्नेसम्मका सबै कर्मचारीले सकेसम्म एउटै कक्ष (एकद्वार) बाट सेवा दिने ।

संघसंस्था दर्ता तथा नवीकरण, हातहतियार नवीकरण र कागजात प्रमाणीकरणका लागि छुट्टै उपयुक्त कक्षको प्रबन्ध गर्ने । सेवाग्राहीलाई प्रतीक्षालय/विश्राम कक्षको व्यवस्था गर्ने र सम्भव भएसम्म अनलाइनमार्फत सेवा दिने व्यवस्था मिलाउने ।

२. सहायता कक्ष (हेल्प डेस्क) र टोकन प्रणाली

कार्यालय प्रवेश गर्नेबित्तिकै देखिने ठाउँमा कम्प्युटरसहितको सहायता कक्ष राख्ने र बिहान ९:०० बजे नै खोल्ने । यहाँ सेवासम्बन्धी राम्रो जानकारी भएको कर्मचारी राख्ने ।

सहायता कक्षबाटै निवेदन लेखन वा फाराम भर्न सघाउने, कागजातको प्रारम्भिक परीक्षण गरेर टोकन दिने र नपुगेका कागजातबारे प्रस्ट टिपोट दिने । ज्येष्ठ नागरिक, बिरामी, अशक्त, अपाङ्गता भएका व्यक्ति र सानो बच्चासहितका सेवाग्राहीलाई लाइनमा नराखी प्राथमिकतामा राखेर सेवा दिने ।

३. नागरिक बडापत्र र समन्वय

डिजिटल तथा आवाज सहितको नागरिक बडापत्र राख्ने । सम्भव नभए सबैले प्रस्ट देख्ने र पढ्न सक्ने गरी सेवाको प्रक्रियागत चरणसहितको बडापत्र राख्ने । वडाध्यक्षदेखि सिडिओसम्मको 'ह्वाट्सएप ग्रुप' बनाएर सेवा प्रवाहलाई सरल बनाउन नियमित छलफल गर्ने ।

४. उजुरी र गुनासो व्यवस्थापन

उजुरी र गुनासोको अभिलेख राखी तत्काल समाधान गर्न क्रियाशील हुने । अशक्त र अपाङ्गता भएका व्यक्तिले गुनासो लिएर आएमा सिडिओ वा सहायक सिडिओ आफैँ उनीहरूसमक्ष गएर तत्काल गुनासो सुन्ने । कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीको 'अफिसियल' मोबाइल सधैँ खुला राख्ने, फोन उठ्न नसके 'कलब्याक' गर्ने । प्रत्येक महिना 'जनतासँग प्रजिअ' कार्यक्रम सञ्चालन गरेर जनगुनासो सम्बोधन गर्ने ।

५. मर्यादित व्यवहार र सरसफाइ

कर्मचारीले सेवाग्राहीसँग मर्यादित र सम्मानजनक व्यवहार गर्ने । कसैले दुःख दिएमा 'शून्य सहनशीलता' को नीति अपनाई सिडिओले कानुनबमोजिम कारबाही गरेर मन्त्रालयमा रिपोर्ट गर्ने । कार्यालय परिसरको सरसफाइ सुनिश्चित गर्ने ।

६. बिचौलिया नियन्त्रणमा कडाइ

कार्यालयमा बिचौलियाको प्रवेशमा उच्च निगरानी राख्दै बिचौलिया मार्फत काम गर्ने/गराउने कार्य पूर्ण रूपमा नियन्त्रण गर्ने । हालको सरकार गठन भएदेखि अहिलेसम्म बिचौलियालाई कारबाही गरिएको विवरण मन्त्रालयमा पठाउने र त्यसपछि नियमित रिपोर्टिङ गर्ने ।

# भदौमा थुप्रिए फिल्म, कृष्ण जन्माष्टमीमा 'ककाकिकी' आउने

काठमाडौं/आगामी भदौमा फिल्म रिलिजको चाप उच्च हुने देखिएको छ । यो महिना आधा दर्जन फिल्म प्रदर्शन हुने तयारीमा छन् । यस्तैमा भदौमा अर्को फिल्म पनि थपिएको छ । 'कमेडी दरबार'को समूहले निर्माण गरेको फिल्म 'ककाकिकी' भदौ १९ गतेबाट प्रदर्शनमा आउन लागेको हो । शुक्रबार निर्माताले एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति तय गरेका हुन् ।

पोस्टरमा फिल्मका मुख्य कलाकारहरू गौरी मल्ल, तृप्ती नाडकर, रेखा थापा र महेश त्रिपाठी पात्र अनुसारको लुक्समा प्रस्तुत भएका छन् । उनीहरूको गेटअपले फिल्मप्रति दर्शकको चासो बढाउने देखिन्छ । विशेषगरी रेखाको गेटअप अझ प्रभावशाली देखिएको छ । पोस्टर हेर्दा फिल्म पारिवारिक द्वन्द्वमा आधारित रहेको देखिन्छ ।

विक्की अग्रवाल र ऋद्धा प्रसाईंको संयुक्त निर्देशनमा बनेको यस फिल्ममा गौरी, तृप्ती, रेखा र महेशसहित मनोज गजुरेल, दीया मास्के, शिशिर वाङ्देल, प्रकाश घिमिरे, माओत्से गुरुङ, रेअर राई, खड्ग बहादुर पुन मगर (खबपु), सुवर्ण थापा, सुभाष गजुरेल, एलिसा भोग लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

माया इन्टरटेनमेन्ट स्टुडियोको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता ओएसआर डिजिटलकी प्रबन्ध निर्देशक सुमित्रा थापा र ऋद्धा प्रसाईं हुन् । फिल्ममा विक्की अग्रवाल, विकास अर्याल र सरोज भण्डारीको स्क्रिप्ट लेखन रहेको छ ।

पटकथा विक्की स्वयंले तयार पारेका हुन् भने कन्सेप्ट सुमन अग्रवालको हो । फिल्मलाई सुदीप बरालले छायांकन गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

बागमतीका मन्त्रीद्वय देवकोटा र थापाद्वारा निर्माणाधीन मातृशिशु भवन अनुगमन

# निर्माण व्यवसायीलाई लिखित प्रतिबद्धता दिन निर्देशन

साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ चितवनको रत्ननगर नगरपालिका-२ स्थित बकुलहर रत्ननगर प्रादेशिक अस्पतालको निर्माणाधीन मातृशिशु भवनको काममा ढिलासुस्ती भएपछि बागमती प्रदेशका मन्त्रीहरूले सक्रियता देखाएका छन् । भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटा र स्वास्थ्य मन्त्री किरण थापाले अस्पतालको स्थलगत अनुगमन गरी कामको अवस्थाबारे जानकारी लिएका हुन् ।

निर्धारित समयसीमा सकिएर पटक-पटक म्याद थप गर्दा पनि भवन निर्माण सम्पन्न नभएपछि मन्त्रीद्वय देवकोटा र थापाले निर्माण पक्ष तथा मन्त्रालयका प्राविधिकहरूसँग ढिलाइ हुनुको कारण सोधपुछ गरे । अनुगमनका क्रममा भौतिक पूर्वाधार विकास मन्त्री डा. देवकोटाले बाँकी समयभित्रै भवन हस्तान्तरण गर्ने गरी निर्माण कम्पनीका मुख्य सञ्चालक (प्रोपाइटर) आफैँ उपस्थित भएर लिखित प्रतिबद्धता जनाउन निर्देशन दिए ।

'अब कर्मचारीको भर परेर हुँदैन, मुख्य प्रोपाइटरले नै हामीसँग सिधै सम्पर्क गरी काम सक्ने ठोस प्रतिबद्धता दिनुपर्छ,' मन्त्री देवकोटाले भने, 'हामी काम तपाईंहरू बाटै सम्पन्न होस् भन्ने चाहन्छौं, तर प्रगति देखिएन भने अब म्याद थपिने छैन । बरु जरिवाना गर्ने वा कानुनी प्रक्रियामार्फत् अर्को विकल्प खोज्न बाध्य हुनेछौँ ।'




अस्पताल व्यवस्थापन समितिका अध्यक्ष गोपाल कर्माचार्यले भवन अभावकै कारण अस्पतालले धेरै समस्या झेल्नुपरेको बताएका छन् । उनका अनुसार दैनिक करिब १५ सयदेखि १९ सय सेवाग्राही आउने यस अस्पतालमा पूर्वाधार अभावले सेवा विस्तारमा अवरोध पुगेको छ ।

'हामीसँग डायलासिसका ५ वटा मेसिन छन्, तर ठाउँ नहुँदा ती थन्किएका छन् । सिटी स्क्यान मेसिन आउँदैछ, त्यसलाई राख्ने ठाउँ छैन,' कर्माचार्यले गुनासो गरे, 'ओपिडीमा एउटै कोठामा दुई जना डाक्टर बस्नुपर्ने र दुई जना बिरामीलाई एउटै बेडमा राखेर उपचार गर्नुपर्ने बाध्यता छ । एउटा मात्र शल्यक्रिया कक्ष हुँदा चिकित्सकहरूले पालो पर्खिनुपर्छ ।' नयाँ भवन हस्तान्तरण भएमा २०८३ असार भित्रै बिरामीलाई सहज सेवा दिन सकिने उनको भनाइ छ ।

शहरी विकास तथा भवन कार्यालयका महाशाखा प्रमुख भूपेन्द्र यादवका अनुसार दुई कठ्ठा क्षेत्रफलमा निर्माणाधिन तीनतले भवनको करिब ७० प्रतिशत भौतिक प्रगति भएको छ । भवनको मुख्य संरचना (सिभिल) को काम सम्पन्न भएपनि फिनिसिङ, एचभीएसी, स्यानिटरी र विद्युतीय जडानका कामहरू बाँकी छन् ।

दुई पटकसम्म थप भइसकेकाले अब पुन: म्याद नथप्ने पक्षमा कार्यालय छ । महाशाखा प्रमुख यादवले भने, '२०७८ चैत २३ मा सम्झौता भई २०८० सालमै सम्पन्न हुनुपर्ने यो आयोजनाको म्याद दुईपटक थपिसकिएको छ । अब म्याद थप गर्ने सुविधा छैन, त्यसैले २०८३ जेठ २९ गतेसम्म काम सक्न निर्माण व्यवसायीलाई कडा दबाब दिनेछौँ ।'

यता निर्माण कम्पनी 'आशिष योगेश्वर गृह जेभी' का प्रतिनिधि बिराट गोलले प्रशासनिक र प्राविधिक जटिलताका कारण ढिलाइ भएको दाबी गरेका छन् । सम्झौता भएको लामो समयपछि मात्र कार्यसम्पादन आदेश पाउनु, साइट क्लियर गर्न ढिला हुनु र आयोजना स्थानीय तहबाट प्रदेश सरकारमा हस्तान्तरण हुँदा केही अलमल भएको उनको तर्क छ । 'अन्तर्राष्ट्रिय बजार बाट आउनुपर्ने सामानहरू केही दिनमै आइपुग्छन्, हामी तोकिएको समयमै काम सक्छौँ,' उनले प्रतिबद्धता गरे ।

२०२४ सालमा स्वास्थ्य चौकीका रूपमा स्थापना भएको यो अस्पताल २०७७ मा प्रदेश सरकार मातहत ५० शैयाको अस्पतालमा स्तरोन्नति भएको थियो । २०७३ फागुनदेखि विशेषज्ञ प्रसुति सेवा सुरु गरेको यस अस्पतालले २०७४ मंसिर २० गते पहिलोपटक शल्यक्रियामार्फत् सफल सुत्केरी सेवा प्रदान गरेको थियो । करिब १४ करोड ५८ लाख रुपैयाँको लागत अनुमान गरिएको यस मातृशिशु भवन निर्माणका लागि नौ करोड ५८ लाखमा ठेक्का सम्झौता भएको थियो । यो भवन सञ्चालनमा आएपछि भरतपुर अस्पतालमा हुने सुत्केरीको चाप कम हुने र स्थानीयले सहजै विशेषज्ञ सेवा पाउने अपेक्षा गरिएको छ ।

## सुनचाँदी व्यवसायी संघका नवनिर्वाचित पदाधिकारीको पदस्थापना तथा प्रमाणपत्र वितरण



साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ मकवानपुर सुनचाँदी व्यवसायी संघको पाँचौँ अधिवेशनबाट निर्वाचित पदाधिकारीहरूको पदस्थापना तथा प्रमाणपत्र वितरण गरिएको छ ।

हेटौँडामा आयोजित कार्यक्रममा संघका नवनिर्वाचित अध्यक्ष गोपीलाल विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय सदस्य प्रकाश गहतराजको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा प्रमुख अतिथि गहतराजले जिल्लामा सुनचाँदी व्यवसायीहरूले भोगिरहेका समस्यालाई महासंघमार्फत् समाधानका लागि पहल गरिने बताए । उनले वर्तमान अवस्थामा सुनको आपूर्ति तथा मूल्यसम्बन्धी समस्या प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गर्दै सरकारको कडाइका कारण व्यवसायीहरूले पार दर्शी हिसाबकिताब राख्नुपर्नेमा जोड दिए । नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेशका अध्यक्ष ज्योतिरत्न बज्राचार्यले अन्तर्राष्ट्रिय द्वन्द्वका कारण सुनको मूल्य निरन्तर बृद्धि भइरहेको बताए । उनले नेपाल सरकारले १० लाख रुपैयाँभन्दा बढी मूल्यका गरगहना तथा हिरा-मोती जडित गहनामा लगाएको २ प्रतिशत विलासिता करबारे व्यापक छलफल आवश्यक रहेको धारणा व्यक्त गरे ।

संघका पूर्व अध्यक्ष केशव रसाइलीले सरकार र व्यवसायी बीचको दूरी घटाउन नवनिर्वाचित कार्यसमितिले सक्रिय भूमिका खेल्नुपर्ने बताए । उनले व्यवसायसँगै सीप विकासका लागि विभिन्न तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिए । संस्थापक अध्यक्ष पूर्ण शाक्यले सरकारी नीतिनियमका कारण व्यवसाय सञ्चालनमा समस्या रहेको उल्लेख गर्दै केन्द्रमार्फत् सरकारसँग संवाद गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा निवर्तमान अध्यक्ष पवनराज शाक्य तथा निवर्तमान सल्लाहकार एवम् निर्वाचन समितिका सदस्य कमल विश्वकर्माले पनि शुभकामना मन्तव्य व्यक्त गरेका थिए । संघका नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष राजकुमार रसाइलीले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

तीन वर्षे कार्यकालका लागि संघको पाँचौं अधिवेशनबाट गोपीलाल विश्वकर्माको नेतृत्वमा २८ सदस्यीय नयाँ कार्यसमिति चयन भएको थियो । संघको वरिष्ठ उपाध्यक्षमा राजकुमार रसाइली, प्रथम उपाध्यक्षमा विजय विश्वकर्मा, उपाध्यक्षमा प्रेम शाक्य, महासचिवमा राजकुमार विश्वकर्मा, सचिवमा उत्तमराज बज्राचार्य, कोषाध्यक्षमा कमल सिन्चुरी, सहसचिवमा विवेक रसाइली र सहकोषाध्यक्षमा लालुराम दुधराज रहेका छन् । यसैगरी, सदस्यहरूमा शोभालक्ष्मी बज्राचार्य, राजकुमार घिमिरे, महारथ बज्राचार्य, शम्भु गहतराज, रामकृष्ण विश्वकर्मा, विश्वराज शाक्य, राहुल सुनार, भीमप्रसाद विश्वकर्मा, गोपाल सुनार, सर्जल बज्राचार्य, भरत विश्वकर्मा, निश्चल शाक्य, विकास सुनार, प्रकाशबहादुर सुनार, भीमबहादुर विक, जीवन खाती, सौभाग्य दुधराज, विवेक सुनार र शर्मिला खाती छन् ।

## गजल मञ्चको स्थापना दिवसमा 'गजल यात्रा-५' विमोचन

साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ गजल मञ्च मकवानपुरको २२ औं स्थापना दिवस तथा २३५ औं गजल यात्राको अवसरमा 'गजल यात्रा-५' नामक मुखपत्र विमोचन तथा आजीवन सदस्यता परिचयपत्र वितरण कार्यक्रम शनिबार हेटौंडामा भएको छ ।



मञ्चका अध्यक्ष संजित श्रेष्ठको सभाध्यक्षता भएको कार्यक्रममा साहित्यकार डा. निमेष निखिलको प्रमुख अतिथ्यता थियो । कार्यक्रममा गीतकार तथा गजलकार तुलसी घिमिरे, मञ्चका सल्लाहकार, पूर्वअध्यक्षहरू, विभिन्न साहित्यिक संघसंस्थाका प्रतिनिधि, गजलकार तथा साहित्यिक व्यक्तित्वहरूको उपस्थिति थियो ।

उक्त अवसरमा 'गजल यात्रा-५' नामक प्रकाशन सार्वजनिक गरिएको हो । उक्त पुस्तकमा गजलसम्बन्धी लेख, २०८२ सालमा मञ्चले गरेका गतिविधिहरूको विवरण तथा ४१ जना अग्रजदेखि नवसर्जक सम्मका सर्जकहरूका गजलहरू समावेश गरिएको छ ।

सम्पादन मण्डलाका तर्फबाट देवराज तिवारीले प्रकाशनबारे जानकारी दिएका थिए । त्यसैगरी, मञ्चले सञ्चालन गरेको आजीवन सदस्यता अभियानअन्तर्गत् २४ जना नयाँ सदस्यलाई परिचयपत्र वितरण गरिएको छ । संस्थाको स्थापनाकालदेखि नै सहयोग पुर्‍याउँदै आएका मुक्ति गोविन्द वैद्यलाई मानार्थ सदस्यता प्रदान गरिएको छ ।

कार्यक्रममा मनिका नेगी, राजकुमार चौधरी, स्वस्तिका दाहाल, मिथिला अधिकारी, सुवास सजल, देवराज लामिछाने, केशव समर्पण, अनिल कोइराला, हरि पौड्याल, प्रल्हाद चौलागाईं, देवराज तिवारी, केशव तौजले, तुलसी घिमिरेलगायतले गजल वाचन तथा गायन प्रस्तुत गरेका थिए ।

कार्यक्रमको सहजीकरण सहसचिव गौरी कँडेलले गरेकी थिइन् भने स्वागत मन्तव्य उपाध्यक्ष हरि पौड्यालले व्यक्त गरेका थिए ।

## प्रशोधित पिउने पानीको मूल्य बढाउने तयारी



साझाकुरा संवाददाता

हेटौँडा, ५ वैशाख/ नेपाल पानी उद्योग महासंघले प्रशोधित पिउने पानीको उत्पादन लागतमा उच्च बृद्धि भएको भन्दै मूल्य समायोजन गर्न आफ्ना सदस्य उद्योगहरूलाई आग्रह गरेको छ ।

महासंघले शनिबार विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय र आन्तरिक कारणले उद्योग सञ्चालन गर्नै नसकिने अवस्था आएको भन्दै मूल्य बृद्धि गर्नुपर्ने बाध्यात्मक परि स्थिति सिर्जना भएको जनाएको छ ।

महासंघका अनुसार पानी उद्योगमा प्रयोग हुने कच्चा पदार्थहरू जस्तै, बोत्तल, क्याप, र्‍यापिङ रोल, जार र जारको क्याप लगायत सामग्रीको मूल्यमा करिब ४० प्रतिशतसम्म वृद्धि भएको छ । त्यसैगरी, पेट्रोलियम पदार्थ (डिजेल) को अत्यधिक मूल्यबृद्धिका कारण ढुवानी लागत पनि उल्लेख्यरूपमा बढेको छ ।

अन्तर्राष्ट्रिय परिस्थितिलाई पनि मूल्य बृद्धिको कारक मानिएको छ । विशेष गरी इरान-इजरायल तनाव र इरान-अमेरिका सम्बन्धमा देखिएको द्वन्द्वात्मक अवस्थाले गर्दा अन्तर्राष्ट्रिय बजार, आपूर्ति प्रणाली र ढुवानी क्षेत्रमा परेको प्रभावका कारण कच्चा पदार्थको मूल्य र उपलब्धतामा प्रत्यक्ष असर परेको महासंघको ठहर छ ।

हाल नेपालमा छसय २० भन्दा बढी पानी उद्योग सञ्चालनमा छन्, जसमा १६ अर्ब रुपैयाँभन्दा बढीको लगानी छ । यस क्षेत्रले ३० हजार भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको छ । सुरक्षित र गुणस्तरीय पानी आपूर्ति गरेर राष्ट्रिय अर्थतन्त्र र राजस्वमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको यो क्षेत्र हालको लागत बृद्धिले गर्दा धाराशयी हुने अवस्थामा पुगेको महासंघका महासचिव ध्रुवप्रसाद अधिकारीले बताए ।

'यो कुनै नाफामूलक निर्णय नभई बढेको उत्पादन लागत, ढुवानी खर्च र कच्चा पदार्थको मूल्यवृद्धिका कारण सिर्जित बाध्यात्मक परिस्थिति हो,' विज्ञप्तिमा छ, 'हाल कायम मूल्यमा पानी बिक्री वितरण गरेर उद्योग सञ्चालन गर्न नसकिने निष्कर्षमा हामी पुगेका छौं ।' महासंघले सबै सदस्य उद्योगीहरूलाई कच्चा पदार्थ र सञ्चालन लागतमा भएको वृद्धिको अनुपातमा मूल्य समायोजन गरी बिक्री वितरण गर्न अनुरोध गरेको छ । महासंघले सरकारसँग उद्योगमैत्री नीति ल्याउन, कूटनीतिक पहलमार्फत् कच्चा पदार्थको उपलब्धता सुनिश्चित गर्न र ढुवानी लागत नियन्त्रणका उपायहरू अवलम्बन गर्न माग गरेको छ । साथै, आम उपभोक्ता, वितरक र सरोकारवालाहरूलाई उद्योगको संरक्षण, रोजगारीको रक्षा र सेवाको निरन्तरताका लागि गरिएको यो 'बाध्यात्मक' मूल्य समायोजनमा सहयोग गरिदिन अनुरोधसमेत गरेको छ ।

## ७६ वटा पासपोर्ट घरसम्मै पुगेर वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ५ वैशाख/ जिल्ला हुलाक कार्यालय मकवानपुरले वैशाख ४ गते शुक्रबारसम्म ७६ वटा राहदानी (पासपोर्ट) सेवाग्राहीको घर मै पुगेर वितरण गरेको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरसँगको समन्वयमा हुलाक कार्यालयले सेवाग्राहीको घरसम्म पुगेर पासपोर्ट वितरण गरेको हो । तर, यो सेवा हेटौंडा बजारमा मात्रै सीमित छ । हेटौंडा उपमहानगर पालिकाको १९ वटा वडाभित्र सेवाग्राहीको घरमै पुगेर राहदानी वितरण कार्य थालिएको जिल्ला हुलाक कार्यालयका प्रमुख रमेश लामिछानेले जानकारी दिए ।

'सेवाग्राहीले कार्यालयमै आएर पनि पासपोर्ट लिनु भएको छ । हामीले घरमै पनि पुर्‍याएका छौं', लामिछानेले भने । हेटौंडा-१६ हटिया र २ नम्बर वडाको बजार क्षेत्रमा रहेका दुई वटा हुलाक काउन्टरबाट ६ जना जनशक्तिले राहदानी वितरणको काम भइरहेको हो ।

जिल्ला हुलाक कार्यालयमा ४ जना र काउन्टरका दुई जना पत्र वितरण कार्यमा खटिएको प्रमुख लामिछानेले बताए । हुलाक कार्यालयले पहिलो चरणमा ५० वटा राहदानी हेटौंडाका विभिन्न वडा (२, ४, ५, ६, १२, १३, १६ र १७) का सेवाग्राहीको घरमा राहदानी पुर्‍याएको छ ।

मकवानपुरका अन्य ९ वटा स्थानीय तहमा भने हुलाकले सेवा सुरु गर्न नसकेको प्रमुख लामिछाने बताउँछन् । उपमहानगर क्षेत्रमा सेवा सहज भएपनि ग्रामीण भेगमा भने भौगोलिक विकटता र सवारी साधनको अभाव मुख्य चुनौतीका रूपमा देखिएको छ ।



थाहा नगरपालिका, बागमती, बकैया, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी र मकवानपुरगढी गाउँपालिकामा पालिकास्तरको हुलाक कार्यालय पनि छ । यहाँ एक खरिदार स्तरका कर्मचारी, हुलाकी र हल्कारा गरेर ४ जनाको जनशक्ति रहेको प्रमुख लामिछानेले बताए ।

'हामीसँग साधन पनि छैन । जनशक्ति पनि थोरै भएकाले विकट क्षेत्रको घरसम्मै पुग्न कठिन हुन्छ । जनशक्ति र स्रोतसाधनको व्यवस्थापन भएपछि गाउँसम्म सेवा बिस्तार गर्न सक्षम हुनेछौं', उनले भने ।

हुलाकले नागरिकता र लाइसेन्सको वितरण कार्य पनि सुचारु गरेको छैन । मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार, आगामी दिनमा यो सेवालाई अझ व्यापक बनाइनेछ ।


'अहिले राहदानीबाट सुरु गरेका छौँ, अब छिट्टै नागरिकता, राष्ट्रिय परिचयपत्र र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) समेत हुलाक मार्फत् घरमै पुर्‍याउने हाम्रो तयारी छ', प्रजिअ अधिकारीले भने । हाल प्रशासनमा थन्किएर रहेका करिब पाँचसय राहदानीलाई पहिलो प्राथमिकतामा राखेर घरघरमा पठाइने उनले जानकारी दिए ।





आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)